# सार्वजनिक सेवाको गुणस्तरीयताका लागि

# सार्वजनिक सुनुवाई२०८० /०८१

बारेकोट गाउँपालिका, जाजरकोट



| आयोजक | सहजीकरण |
|---|---|
| बारेकोट गांउपालिका, जाजरकोट | सुशासन प्रबर्द्धनका लागि युवा (YGGG )संस्था, सुर्खेत |

# विषय सुचि

## Contents

Contents ........ 2
१. बारेकोट गाउँपालिकाको परिचय ........ 4
२ सार्बजनिक सुनुवाई कार्यक्रमको पृष्ठभूमि ........ 4
३. सार्वजनिक सुनुवाईको औचित्य ........ 5
४. कार्यक्रमको उद्देश्य ........ 5
४.१ यस कार्यक्रमका विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका थिए । ........ 5
४.२ कार्यक्रमबाट अपेक्षा गरिएका उपलब्धि यो कार्यक्रमबाट देहाएका उपलब्धिहरु हासिल हुने अपेक्षा राखिएको थियो ........ 5
५. सार्वजनिक सुनुवाई सञ्चालन विधि : ........ 6
६. कार्यक्रममा भएको उपस्थिती ........ 6
७. कार्यक्रममा भएका गतिविधीहरु : ........ 6
८. सार्बजनिक सुनुवाई कार्यक्रममा पालिका तथा वडा स्तरमा उठेका जिज्ञासा तथा जवाफ पालिका तथा वडागत यसप्रकार रहेको छ । ........ 7
८.१ बारेकोट गांउपालिका, जाजरकोट (मिति २०८१ जेष्ठ २६ गते) ........ 7
**८.१.१ बारेकोट गांउपालिकाले सार्वजनिक सुनुवाई कार्यकममा गरिएका प्रतिबद्धताहरु** ........ 8
८.२ बारेकोट गांउपालिका वडा नं. १, जाजरकोट (मिति २०८१ जेष्ठ १५ गते) ........ 9
**८.२.१ वडा नं १ ले गरेका प्रतिवद्धताहरु :** ........ 10
८.२ बारेकोट गांउपालिका वडा नं. २, जाजरकोट (मिति २०८१ जेष्ठ १६ गते) ........ 10
**८.२.२: वडा नं २ ले गरेका प्रतिवद्धताहरु :** ........ 11
८.३ बारेकोट गांउपालिका वडा नं. ३, कठ्ठर, जाजरकोट (मिति २०८१ जेष्ठ १७ गते) ........ 12
**८.२.३ वडा नं ३ ले गरेका प्रतिवद्धताहरु :** ........ 13
८.४ बारेकोट गांउपालिका वडा नं. ४, बोहरा जिरि, जाजरकोट (मिति २०८१ जेष्ठ १८ गते) ........ 13
८.५ बारेकोट गांउपालिका वडा नं. ५, सिलिंगीचौर, जाजरकोट (मिति २०८१ जेष्ठ १९ गते) ........ 15
**८.२.५ वडा नं ५ ले गरेका प्रतिवद्धताहरु :** ........ 16
८.६ बारेकोट गांउपालिका वडा नं. ६, घर्तिगांउ, जाजरकोट (मिति २०८१ जेष्ठ २० गते) ........ 17
**८.२.६ वडा नं ६ ले गरेका प्रतिवद्धताहरु :** ........ 18
८.७ बारेकोट गांउपालिका वडा नं. ७, पातिहान्ना, जाजरकोट (मिति २०८१ जेष्ठ २१ गते) ........ 18
**८.२.७ वडा नं ७ ले गरेका प्रतिवद्धताहरु :** ........ 19
८.८ बारेकोट गांउपालिका वडा नं.८, सेपुखोला, जाजरकोट (मिति २०८१ जेष्ठ २२ गते) ........ 19
८.९ बारेकोट गांउपालिका वडा नं.९, सक्ला, जाजरकोट (मिति २०८१ जेष्ठ २३ गते) ........ 20

**८.२.७ वडा नं ७ ले गरेका प्रतिवद्धताहरु :** ........ 21

९. सिकाईहरु : ........ 22

१०. चुनौतीहरु ........ 22

११.सेवाग्राहिको तर्फबाट सेवा लिइ फर्केका र पहिलेनै सेवा लिइ बसेका हरु संग बर्हिगमन अभिमत तथा नागरिक सन्तुष्ठि सर्भेक्षण द्वारा सेवाको गुणस्तर प्रतिशतमा मापन गरिएको थियो जुन निम्न प्रकार छ। ........ 23

**१.सेवाको सन्तुष्टि प्रतिशतमा** ........ 23

**२. सेवाको नियमितता** ........ 23

**३. सेवा प्रतिको जन विश्वास** ........ 24

**४. सेवाको गुणस्तर** ........ 24

**५. सेवा सम्बन्धी जानकारी** ........ 25

**६. नागरिक वडापत्र, उजुरीपेटिका गुनासो सुनुवाई** ........ 25

१०. समग्रमा ........ 25

अनुसुचीहरु ........ 26

अनुसुचि १ सार्वजनिक सुनुवाई कार्यक्रमको उपस्थिति ........ 26

अनुसुचि २: आचार संहिता ........ 26

अनुसुचि ३: सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न पत्रहरु ........ 28

अनुसुचि ४: सार्वजनिक सुनुवाई कार्यक्रमसंग सम्बन्धित फोटाहरु ........ 28

## १. बारेकोट गाउँपालिकाको परिचय

बारेकोट गाउँपालिका कर्णाली प्रदेशको जाजरकोट जिल्लामा अवस्थित रहेको छ । पूर्वमा डोल्पा, पश्चिममा जाजरकोट जिल्ला, दक्षिणमा रुकुम जिल्ला, उत्तरमा जुम्ला जिल्लाको सिमाना को विचमा अवस्थित यो पालिका प्राकृतिक सुन्दरताले अति मनोरम र प्राकुतिक सम्पदाले भरिपुर्ण रहेको छ, पहाडी क्षेत्रले ओगटेको भूभागमा जल, जंगल, जडिबुटि सम्पदाले धनि मानिन्छ भने यंहाका हिंउदमा सेताम्मे देखिने च्याखुरे र कराचुला हिमालको आनन्द लिन सकिन्छ । यस पालिकामा ९ वटा वडा रहेका छन जसमा साविकको रामीडांड, रोकायगांउ, सक्ला र नायकबाडा गाविसहरु मिलेर बनेको छ र यस पालिकाको कार्यालय रिम्नामा अवस्थीत छ भने भौगोलिक हिसावमा पहाडि भुभाग, रमणिय जंगल तथा कृषि र तरकारी उत्पादनको लागि प्रयाप्त संभावना भएको मानिन्छ भने पर्यटकिए सम्भावना बोकेको यो पालिका अत्यन्त मनमोहक र सुन्दर छ ।  यस पालिकामा क्षेत्री जातिको बाहुल्यता भएको भएता पनि अन्य जातिहरुमा दलित समुदाय, ठकुरी, बाह्रमण, नेवार, मगर, सेर्पा जातिहरुको पनि बसोबास उल्लेख्य नै छ  नंया जनगणना २०७८ अनुसार यस बारेकोट गांउपालिकाको जनसख्ंया २२०३८ रहेकोमा पुरुष ११०१० र महिला ११०२८ र घरसंख्या ३४८५ रहेको छ ।

## २ सार्बजनिक सुनुवाई कार्यक्रमको पृष्ठभूमि

सामाजिक जवाफदेहिता तथा सुशासन प्रबर्द्धनका लागि स्थानिय तहबाट प्रदान गरिने सेवाहरु गुणस्तर बनाउन र विकेन्द्रिकरणको अवधारणा अनुसार विकासका प्रयासहरुलाई स्थानीय स्तरबाट नै सुरु गर्न सरकारले विभिन्न नीति नियमहरु लागु गर्दै आएको छ । तिनै ऐन नीति नियम तथा कार्यक्रमहरुले स्थानीय तह हरुको सञ्चालन तथा व्यवस्थापन कार्यलाई सुदृढीकरण गर्दै अगाडि बढाई रहेको छन् । जनताहरुलाई सुशासनको प्रत्याभूति दिनु र आम जनमानसमा स्थानीय तहहरु लाई सफल एवम् सबल संस्थाको रुपमा स्थापित गर्नको लागि नेपाल सरकारले विभिन्न अनुगमन संयन्त्रहरु बनाएको छ । यिनै अनुगमन सुचकहरुको अग्रपक्तिंमा सार्वजनिक सुनुवाई पनि पर्न आउँदछ । स्थानीय निकायहरु सञ्चालन गर्न बनेका ऐन तथा नियमहरुले स्थानीय निकायहरु एक आ.व. मा सम्पादन गरेका कार्यहरुको सार्वजनिक सुनुवाई गर्ने गरी व्यवस्था मिलाइएको छ । स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली २०५६ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ ले स्थानीय तह को सञ्चालन प्रक्रिया तथा अपनाउनु पर्ने सुशासनको प्रत्याभूतिको लागि गर्नुपर्ने कार्यक्रमहरुको पनि स्पष्ट व्यवस्था गरेको छ । तीनै व्यवस्थाहरु मध्ये सार्वजनिक सुनुवाई कार्यक्रम पनि एक हो । ऐन तथा नियमावलीहरुले गरेको व्यवस्थालाई सरल तथा प्रभावकारी ढंगले सञ्चालन गर्न सजिलो होस् भनी नेपाल सरकारले सार्वजनिक सुनुवाई कार्यविधी २०६७ कार्यान्वयनमा ल्याएको छ । यस निर्देशिका बमोजिम कुनै पनि स्थानीय तहहरु खास गरी पालिकाहरुले वर्षको तीन पटक सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने तथा सो कार्य कुनै पनि परामर्श, दातृ संस्था वा विज्ञहरुको सहजीकरणमा सो कार्यक्रम सञ्चालन गर्नुपर्ने उल्लेख गरेको छ । यिनै कुराहरुलाई ध्यानमा राख्दै यस गाउँपालीकाले आ.व. २०८०/०८१ को सार्वजनिक सुनुवाई कार्यक्रम संचालित गरेको हो  ।

## ३. सार्वजनिक सुनुवाईको औचित्य

सुशासन-(व्यवस्थापन र स्वचालन) ऐन २०६४, नियमावली २०६५ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ ले हरेक स्थानीय निकायले आफ्नो वर्षभरी सञ्चालन र सम्पादन गरेको कामहरुको वर्षको सार्वजनिक सुनुवाई गर्नु पर्ने कुरा उल्लेख भएको छ। बारेकोट गाउँपालीकाको आ.व. २०८०/०८१ को अन्तीम चौमासिक अवधिमा सञ्चालन भएका विकास निर्माण कार्यहरु तथा स्थानीय बासिन्दाहरुका लागि पुऱ्याएको सेवा सुविधाहरुको विषयमा सेवग्राहीहरुको प्रतिक्रिया तथा गुनासाहरुका साथै आगामी दिनहरुमा सुधार गर्नका लागि चाल्नु पर्ने कदमहरु बारेमा जानकारी लिने महत्वपूर्ण कार्यका लागि सार्वजनिक सुनुवाई कार्यले सघाउँ पुऱ्याउँछ । कानुनी शासन सामाजिक उत्तरदायित्व तथा सार्वजनिक जवाफदेहिताको कार्य जिम्मेवारी निभाउन यस कार्यले सघाउ पुऱ्याउनेछ । यसको साथै हालको केही वर्ष यता नेपाल सरकारले कार्य सम्पादनमा आधारित अनुदान वितरण पद्धती लागु गरेको र पालिकाको सार्वजनिक सुनुवाई कार्यलाई पनि एउटा सुचकको रुपमा राखिएकोले पनि यसको अपरिहार्यतालाई प्रष्ट पार्दछ ।

## ४. कार्यक्रमको उद्देश्य

- यस कार्यक्रमको मुख्य उद्देश्य बारेकोट गांउपालिका तथा वडा हरुबाट आव २०८०/०८१ को अन्तीम चौमासिक अवधि सम्ममा पालिकाका बासिन्दाहरुलाई पुऱ्याएको सेवा सुविधा तथा सम्पादन गरिएका कार्यहरुको विषयमा जनताहरुको प्रतिक्रिया तथा गुनाासाहरुलाई व्यवस्थापन गरि सेवाको गुणस्तरमा बृद्धि गर्नु हो ।

### ४.१ यस कार्यक्रमका विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका थिए ।

- जन्ताका गुनासा तथा मुद्दाहरु सुन्नु, सुनाउनु
- जनताहरुको समस्या तथा भोगिरहेका कठिनाइमा छलफल गर्नु ।
- पालिका तथा वडाले गरेका कामहरुको समाज तथा सर्बपक्षिय बसेर मूल्यांकन गर्नु ।
- आगामी दिनहरुमा पालिकाले सुधार गर्नुपर्ने क्षेत्रहरुको पहिचान र सुझाव प्राप्त गर्नु ।
- पालिकाले प्रवाह गर्ने सेवा सुविधाहरुको गुणस्तर, सेवाको सन्तुष्टि, नियमीतता, जनविश्वास र सेवा सम्बन्धी जानको अबस्था के कस्तो छ भनि सबै बसेर परिक्षण गर्नु हो ।

### ४.२ कार्यक्रमबाट अपेक्षा गरिएका उपलब्धि यो कार्यक्रमबाट देहाएका उपलब्धिहरु हासिल हुने अपेक्षा राखिएको थियो

(क) पालिका र पालिकाबासी बीचको सम्बन्ध अझ प्रगाढ बनाउदै लाने ।

(ख) आयोजना तथा कार्यक्रम सञ्चालन गर्दा देखिएका राम्रा पक्षको निरन्तरता र सुधार गर्नु पर्ने पक्ष लाई प्राथामिकता दिइ काम गर्नु हो ।

## ५. सार्वजनिक सुनुवाई सञ्चालन विधि :

सुशासन ऐन २०६४ र नियमावली २०६५ को आशय अनुरुप स्थानीय तह हरुमा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्ने र सामाजिक उत्तरदायित्व निर्वाह गर्ने अभिप्रायले बारेकोट गांउपालिकाको आर्थिक सहयोग सुशासन प्रबर्द्धनका लागि युवा संस्था सुर्खेतको दक्ष कर्मतारीहरु वाट सार्वजनिक सुनुवाई कार्यक्रमको सहजीकरण गर्न सम्झौता गरेको थियो ।

## ६. कार्यक्रममा भएको उपस्थिती

यस सार्बजनिक सुनुवाई कार्यक्रममा बारेकोट गाउँपालिका वडा नं १ देखि ९ विभिन्न मिति र समयमा भएको हुदा यस प्रकार उल्लेख गरिएको छ ।

| वडा नं. | कार्यक्रम संचालन मिति | समय | उपस्थित संख्या |
|---|---|---|---|
| १ | २०८१ जेष्ठ १५ गते | १:०० देखि ५:०० | ८५ |
| २ | २०८१ जेष्ठ १६ गते | १२:३० देखि ४:०० | ८० |
| ३ | २०८१ जेष्ठ १७ गते | २:०० देखि ४:३० | ७२ |
| ४ | २०८१ जेष्ठ १८ गते | १२:३० देखि ४:०० | ११५ |
| ५ | २०८१ जेष्ठ १९ गते | १२:३० देखि ४:०० | १०१ |
| ६ | २०८१ जेष्ठ २० गते | १२:३० देखि ४:०० | ४९ |
| ७ | २०८१ जेष्ठ २१ गते | १२:३० देखि ४:०० | ८१ |
| ८ | २०८१ जेष्ठ २२ गते | १२:३० देखि ४:०० | ५१ |
| ९ | २०८१ जेष्ठ २३ गते | १२:०० देखि २:०० | ४८ |
| गांउपालिका | २०८१ जेष्ठ २६ गते | १२:३० देखि ३:०० | १७५ |
| | **जम्मा** | | ८५७ |

यस सार्बजनिक सुनुवाई कार्यक्रममा बारेकोट गाउँपालिका सबै वडाका सम्पूर्ण बस्तीहरु, नागरिक समाज, समाजसेवी, संघ संस्था प्रतिनिधि र विषयगत शाखाका कर्मचारीको उपस्थिती थियो । यसको बृस्तित विवरण अनुसची १ मा दिइएको छ ।

## ७. कार्यक्रममा भएका गतिविधीहरु :

वडा तथा पालिका स्तरमा सम्पन्न भएको सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित सम्पूर्ण सहभागिहरुलाई सभापतिको रुपमा आसन ग्रहण गर्ने अनुमति दिइ सके पछि कार्यक्रमलाई औपचारिक रुपमा शुरुवात गर्ने गरिएको थियो । कार्यक्रमको पहिलो चरणमा कार्यक्रमको उदेश्य सहित विस्तृत विवरण का साथमा सार्वजनिक सुनुवाई संग सम्बन्धीत आचारसंहिता पढेर सुनाइएको थियो । आचारसंहिता संग सम्बन्धित ढांचा अनुसुची २ मा उल्लेख गरिएको छ । सो कार्य पछि सभापतिहरुको अनुमति लिँदै जवाफदेहि बक्ताहरुको रुपमा पालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकिए प्रमुख, वडा अध्यक्ष, सम्पुर्ण शाखा प्रमुख तथा प्रतिनिधि र वडा सचिवज्यू हरुबाट छुट्टा छुट्टै भए गरेका

कामहरुको प्रस्तुतिकरण भएको थियो । उक्त प्रस्तुति बाट उठेका जिज्ञास र जवाफ यस प्रकार रहेको थियो ।

## ८. सार्वजनिक सुनुवाई कार्यक्रममा पालिका तथा वडा स्तरमा उठेका जिज्ञासा तथा जवाफ पालिका तथा वडागत यसप्रकार रहेको छ ।

### ८.१ बारेकोट गांउपालिका, जाजरकोट (मिति २०८१ जेष्ठ २६ गते)

| | |
|---|---|

**सहभागिहरुबाट उठेका जिज्ञासा तथा त्यसको जवाफः**

- सामजिक भत्ता किन पाउन सकिएन ? जवाफमा हामीले भत्ता वितरण सोझै टोलटोमा गएर गर्ने अभ्यास थियो र पछि बाट बैंकमा खाता खोलेर मात्र गर्ने भन्ने परिपत्र भए अनुसार खाता खोल्नको लागि हामीले सबैसबैलाई खबर गर्‍यौ र सोहि अनुसार काम गर्दा गर्दै एक जनाको मृत्यु भयो खाता पनि खुलेको थिएन अब खाता नभइ भुक्तानी गर्न प्राविधिक कारणले गर्दा छुट्न गयो ।
- टहरा निर्माणको रकम रु ५०० के का आधारमा लिएको हो किन ? यसको लागि निर्णय नभइसकेको र छलफलमा आएको भरमा वडा वडामा पैसा उठाउन थालिएछ र पछि बाट थाहा भए पछि उक्त कार्य रोक्न लगाई उठेको पैसा फिर्ता गर्ने निर्णय भएको छ ।
- विधालयका सहयोगि कर्मचारीको तलव किन घट्न गएको हो भन्ने जिज्ञासामा संघिए सरकारले दिने तलव ८००० हो पालिकाले रु २००० थपेर १०,००० दिने गरेको थियो पालिकाको श्रोत नभएकोले संघ प्राप्त जे जति रकम हो सोहि रकम दिदा घट्न गएको हो तर हामीले कम्तीमा पनि १५००० हुनुपर्छ भनि सिफारिस गरेर पठाएका थियौ तर त्यसो भएको छैन । शिक्षाको क्षेत्र सुधारको लागि आएका अन्य जिज्ञासामा शिक्षकको लापरवाहि गरेको परिक्षमा मापसे प्रयोग गरेको , गुण स्तरिए शिक्षाको कमी जस्ता प्रश्नहरुमा नेपाल सरकारको राष्ट्रिय स्तरमै गुणस्तर राम्रो नभएको हामीले सुनेकै छौ, विधालयमा समयमा पाठ्यक्रम उपलब्ध गराउने, अतिरिक्त क्रियाकलाप संचालन गर्ने, स्थानिय पाठ्यक्रम लागुगर्ने जरुता कामहरु भै रहेका छन । लापरवाहि गर्ने शिक्षकलाई तलव काट्ने, चेतावनी दिने कामहरु भैरहेका छन यदि परिक्षामा मापसे प्रयोग गरेको जानकारी भए हामी त्यसको लागि पहल गर्नेछौ ।
- योजना सकिएर पनि भुक्तानी भएन भन्ने जिज्ञासामा पालिकाले पनि त्यसको लागि चासोका साथ फाइल अध्ययन गर्दा कानुन संबत कागजातहरु भेटाउन सकिएन र कारवाहिको लागि केहि समस्याहरु रहिरहेका छन ।
- पशु घर र मानव घर को मापदण्ड भन्दा फरकले पनि उक्त सेवा पाएका छन एउटै हुनुपर्ने होइन र पशु क्षेत्रमा कार्यक्रमहरु नगण्य रुपमा संचालनमा छन यसमा थप गरेर लैजाने बारे के छ ? यसमा हामीले मापदण्डलाई पालना गर्ने गरेका छौ घरघरमा सर्भेक्षण गर्दा सम्म ठिक देखिन्छ तर कार्यक्रम स्वीकृत भएर आए पछि कसैका भैसी मर्न सक्छन, विकि हुन सक्छन त्यसले गर्दा समस्या होला तर हामीले मापदण्ड भन्दा बाहिर गएर काम गर्न मिल्दैन । पशुविकासको क्षेत्रमा बजेट एकदम कम छ हामीले काम गनुपर्ने क्षे एकदम व्यापक छ । यस क्षेत्रमा अत्यावश्यक तथा महामारी जस्ता सेवाहरुमा हाम्रो उपस्थिति रहन्छ ।
- आधारभुत स्वास्थ्य केन्द्रहरु बन्द अबस्थामा छन, स्वास्थ्य सेवालाई यहांहरुले कसरी हेर्नुभएको छ

भन्ने जवाफमा स्वास्थ्य सम्बन्धी नियमावलीले एउटा वडामा एक भन्दा बढि आधारभुत स्वा. सं.हरु राख्न मिल्दैन तर यसलाई व्यक्तिगत स्वार्थ तथा कसैलाई जागिर खुवाउने उदेश्यले यस्तो काम भयो अब हामीले त्यसलाई गांउघर क्लीनिकको रुपमा संचालन गर्नको लागि तयार भएको छ अब आउने नयां आव बाट संचालन हुनेछ ।

अन्तमा अध्यक्षबाट कार्यक्रमलाई सम्बोधन गर्दै यो सार्वजनिक सुनुवाई हाम्रै प्रयासबाट आज संचालन भैरहेको छ, यसबाट नागरिकका आशा तथा अपेक्षाहरु के छन भोलिका दिनमा कसरी राम्रो योजना बनाएर अगाडि बढ्न सकिन्छ भन्ने कुरा उसको प्रमुख उदेश्य हो । नागरिक वाट असार मसान्तमा किन प्रमुख प्रशासकिएहरु सरुवा हुन्छन भन्ने जिज्ञासामा सरुवा हुने सबैको फोन नं. टिप्नुहोस र बुझ्नुहोस मैले जवाफ दिइ राख्नुपर्दैन । अब शिक्षामा भएको अन्यौलतालाई हटाउन पालिका स्तरिय उच्च समिति बनेको छ यसले यहांहरुका सबै सवालमा नजिकबाट काम गर्नेछ र राष्ट्र निर्माणमा नागरिकको उत्तिकै हिस्सेदारी हुन्छ नजिकको विधालय अनुगमन गर्ने र जानकारी लिने अधिकार नागरिकलाई पनि दिएको छ, हामीले यस पालिकाको शिक्षा, स्वास्थ्य, कृषि, पशू, खानेपानी तथा सहकको स्तर उन्नती गर्ने जस्ता कामलाई प्रमुख प्राथामिकतामा राखेका छौ । नदि, खोला नालाले दिने दुख र क्षति न्युनिकरण गर्ने काम पनि प्रमुख विषय हो । नागरिकको सरोकार र भासोको विषय नै हाम्रो सरोकार हो यदि कोहि बारेकोट बनाउने योजना सहित आउछ भने तयार हुनुहोस पालिकाको तर्फबाट गर्न सकिने सहयोगका लागि हामी तयार छौ, खेलकुद मैदान र रंगशालाको लागि पहल भैरहेका छन हामीलाई भुगोल ले साथ नदिदा केहि टाढा पर्न सक्ने त्यत्तिकै संभावना छन । पालिकाको गडिले विरामी बोक्दा पैसा उठाएको कुरा आयो यदि केहि प्रमाण छ भने दिनुहोस भरखर कारवाहि हुन्छ हल्लाको भरमा नहिडौ । विकास र सम्बृद्धिको कुरामा राजनिति नगरौ हामीहातेमालो गरेर बारेकोटको समग्र विकासको लागि जुटौ भन्दै सबैसबैलाई धन्यवाद दिदै कार्यक्रम समापन गर्नुभयो ।

### ८.१.१ बारेकोट गांउपालिकाले सार्वजनिक सुनुवाई कार्यक्रममा गरिएका प्रतिबद्धताहरु

- विधालयको परिक्षालाई मर्यादित व्यवस्थित बनाउने
- विधालयको लागि खेल मैदान, अतिरिक्त क्रियाकलाप तथा गुणस्तरिए शिक्षाका लागि विशेष जोड दिने
- पालिकाबाट संचालन हुने सबै खालका योजनाहरुको प्रभावकारी अनुगमन गर्ने
- सुरक्षित खानेपानीको पहुचमा बृद्धि गरि सबैलाई खानेपानीको सुविधा उपलब्ध गराउने
- शान्ती सुरक्षा प्रणालीलाई मजबुद बनाउदै लैजाने
- स्वास्थ्य क्षेत्रले प्रदान गर्ने औषधिलाई समयमै उपलब्ध गर्न पहल गर्ने
- सामुदायिक तथा निजि बनको व्यवस्थापन कार्यलाई बलियो बनाई हरियो वन नेपालको धनको संरक्षणमा जोड दिने
- कृर्षकका लागि अनुदान वा सस्तो सुलभ विउ विजनको व्यबस्थामा जोड दिने
- नेपाल टेलिकमको सेवालाई प्रभावकारी वनाउन उचित समन्वय गर्ने
- सबै सबैले थाहा पाउने प्रविधि मैत्री सुचना प्रणालीको व्यवस्थापन गर्ने जस्ता प्रतिबद्धताहरु व्यक्त गरिएका थिए ।

- सार्वजनिक सेवालाई गुणस्तरीय बनाउन सार्वजनिक सुनुवाई कार्यक्रमलाई निरन्तरतादिने,
- बैंकबाट प्रवाहहुने सेवालाई छिटो छरितो बनाउन आवश्यक पहलगर्ने,
- बारेकोट गाउँपालिकाको केन्द्रमा रहेको कृषिविकास बैंकसँग ATM सेवा सुचारु गर्न पहल गर्ने

## ८.२ बारेकोट गांउपालिका वडा नं. १, जाजरकोट (मिति २०८१ जेष्ठ १५ गते)

वडा स्तरका सेवाग्राहिको तर्फबाट वडा सचिव, स्वास्थ्य इन्चार्ज, पशु शाखाका इन्चर्ज बाट यस आ.व. २०८० तथा २०८१ को भए गरेका कामको समिक्षा गर्नुभएको थियो त्यसैको आधारमा रहेर केहि जिज्ञास र सुझावहरु प्राप्त भएका थिय भने त्यसको जवाफ पनि दिएको थियो

| जिज्ञासा | जवाफ |
|---|---|
| देव बहादुर पुन<br>कोटेली ढस पुल सम्पन्न भैसक्यो तर भुक्तानी भएको छैन यसको लागि के पहल भैरहेको छ ? | श्री ऐन बहादुर गिरि, वडा अध्यक्ष<br>हो यसमा बहुपक्षिय सरकोकारवालाहरु भएकोले केहि समस्या का कारण भुक्तानीमा ढिला सुस्ती भएको छ यसको लागि छिट्टै पहल गरिनेछ । |
| वीरेन्द्र बस्नेत<br>अस्थायी टहरा बनाउनको लागि के कति कारणले उठाएका हो र किन? | यसको आधिकारिक निर्णय नभएको तर पालिका स्तरमा छलफलमा आएको विषयलाई हल्लाको भरमा पैसा उठाउन थालियो तर अहिले उठाएको रकम फिर्ता गर्ने भन्ने भइसकेको छ अब छिट्टै रकम फिर्ता हुनेछ । |
| अम्वीका गिरि<br>एक घर एक धारा दिने भन्ने निर्णय थियो किन लागु भएन | यसबारेमा समिति, उपभोक्ता र कर्मचारी विच बसि पहिले भएका सहमति के के हुन छलफल गरेर सोहि अनुसार अगाडि बढ्ने सहमति भयो |
| विष्णु राज ज्योति<br>युवा तथा प्रधान मन्त्री स्वरोजगार कार्यक्रम गुणस्तर छैन किन ? | लेकेन्द्र बहार सिंह<br>यसमा थोरै श्रोत बाट धेरै काम गर्न थालियो थप श्रोत तथा म्याचिग फन्डको लागि अन्य निकाए संग अपेक्ष तथा पहल गरेर जाने भन्ने थियो तर अन्य श्रोत हरु प्राप्त भएन र भएको श्रोत बाट काम गर्दा गुणस्तरमा चुनौति देखिन्छ आउने दिनमा श्रोत र प्राथामिकताको आधारमा मात्र योजनाहरु त्य गरिनेछ । |
| पृथ्वी राज जोशि<br>टहरा निर्माणको दोस्रो किस्ता लिदा फाएल तथा फोटो अपडेट गर्न गारो र महंगो पर्न थाल्यो यसको सरल उपाए छैन ? | श्री वडा सचिव वल बहादुर नेपाली<br>यसको लागि अनलाइन प्रणालीको पहल भैरहेको छ उक्त प्रणाली सकिए भएमा काममा सहज हुनुको साथै थप व्यय भार नपर्ने जानकारी दिनुभयो । |
| हरि बहादुर थापा<br>यस वडामा २ वटा आधारभुत स्वास्थ्य केन्द्रहरू डेढ बर्ष देखि बन्द रहेका र कार्यरथ करारका कर्मचारीलाई हाल सम्म पनि आधिकारिक जानकारी | विष्णु राज ज्योति, स्वास्थ्य इन्चार्ज<br>यसमा धेरै कुराहरु कमी कमजारी भएका छन प्राविधिक अध्ययन विना र प्रयाप्त छलफल विना राखियो र राजनिति प्रतिशोध का आधारमा राख्ने र बन्द गर्ने काम भैरहेको छ । यसबाट सकरात्मक सन्देश पक्कै गइरहेको छैन र यसका |

| | |
|---|---|
| दिएको पनि छैन र जागिर गर्न पाएका पनि छैनन | लागि पालिका स्तरको भेलामा पनि छलफल गरि निष्कर्षमा जान आबश्यक देखिन्छ । |

अन्तमा प्रमुख अतिथि पालिका उपाध्यक्ष ज्यू बाट हामी संग समस्याहरु पनि छन र समाधान पनि छन यहांहरुले उठाएका जिज्ञासा तथा सुझावले हामीलाई ठिक तरिकाले काम गर भन्ने संकेत हो हामी एकदम तयार पनि धेरै कुरा वडाका प्रमुखहरु ले भनिसक्नु भएकोले थप छलफल हामी पालिका स्तरको सुनुवाइ कार्यक्रममा गर्नेनै भन्दै वडा अध्यक्ष बाट कार्यक्रम समापन गर्नुभएको थियो ।

### ८.२.१ वडा नं १ ले गरेका प्रतिवद्धताहरु :

- कोटेली व्रिज ट्रस योजनाको काम सम्पन्न भैसकेको र भुक्तानीमा ढिला सुस्ती भएको हुदा यथासिघ्र भुक्तानीको लागि पहल गर्ने
- एक घर एक धारा को तलियार योजनामा आएको समस्या समाधानको लागि पुन समिति, उपभोक्ता र कर्मचारी विच बसि समस्या समाधान गर्न पहल गरिनेछ ।
- युवा तथा प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाई गुणस्तरिए बनाउन श्रोतको क्षमता भित्र रहि प्राथामिकताका आधारमा गर्न सकिने काममा मात्र केन्द्रीत भई कार्यान्वयनमा जोड दिने
- वडा कार्यालयमा नागरिक वडापत्र, सुझाव पेटिका तथा सुचना पाटि समेत नभएकोले उक्त व्यवस्थापनको लागि पहल गर्ने
- यस वडामा पहिले संचालनमा आई करिव डेढ बर्ष अगाडि देखि बन्द रहेका २ वटा आधारभुत स्वास्थ्य केन्द्रहरुलाई पुर्न संचालनको लागि वडा हुदै गांउपालीका तह सम्म पैरवीका साथ पहल गर्ने
- वडा भित्र रहेका सार्कजनिक तथा सामारिक महत्वका विषय, धार्मिक स्थल र सरकारी जग्गा अतिक्रमण गरि बनाइएका घर टहरा तथा भौतिक संरचना र जग्गाका उपभोग गरिरहेका व्यक्ति वा संस्थाहरुले उक्त संरचना हटाउनको लागि पहल गर्ने ।

### ८.२ बारेकोट गांउपालिका वडा नं. २, जाजरकोट (मिति २०८१ जेष्ठ १६ गते)

वडा स्तरका सेवाग्राहिको तर्फबाट वडा सचि श्री हरिकला सिंह, प्राविधिक सहायक प्रकाश गिरि, पशु शाखाका इन्चर्ज श्री राम बहादुर नेपनली बाट यस आ.व. २०८० तथा २०८१ को भए गरेका कामको समिक्षा गर्नुभएको थियो त्यसैको आधारमा रहेर केहि जिज्ञास र सुझावहरु प्राप्त भएका थिय भने त्यसको जवाफ पनि दिएको थियो

| जिज्ञासा | जवाफ |
|---|---|
| वविता पुन घर्ति<br>प्रदेश तथा संघ बाट आउने योजनामा तपाईहरुले केको आधारमा पैसा उठाउनु हून्छ | वडा अध्यक्ष श्री विर बहादुर घर्ति<br>रकमको भोलुमको आधारमा निश्चित रकम तोकिैको छ पालिका स्तरको बैठकको निर्णय अनुसार नै गरेकोले यसलाई अन्यथा नसम्झीनु होला । |
| वविता पुन घर्ति<br>अलग मानव तथा पशू घर बनाउन को | प्रीविधिक सहायक<br>छनौटमा परेकाले गर्न नसक्ने कुरा सुननमा आएको छ |

| | |
|---|---|
| लाीग छानिएका व्यक्तिहरु मध्ये केहिले नबनाउने भने पछि अब नया छनौट गर्नलाई ढिला भएन र ? | त्यसको छिट्टै घरभेटघाट गरि उनिहरुको मन्जुरीनामा पालिकामा पठाए पछि मात्र नयामा जाने निर्णय भए पछि नया छनौटको लागि पहल गरिनेछ । |
| मेहनलाल गिरि<br>टहरा निर्माणको  लागि थप रकम किन उठाउनु भयो | वडा अध्यक्षः केहि कमी कमजोरीका कारण पैसा उठाए पनि रकम फिर्ता गर्ने भन्ने निर्णय भइसकेको छ अब छिट्टै रकम फिर्ता हुनेछ |
| रत्न रोकाए<br>भैसी पालकलाई मात्र अलग पशुघरको सहयोग गरिन्छ गाई पाल्नेलाई किन विभेध गरियो । | वडा अध्यक्षः<br>हामीले नमुनाको लागि परिक्षण गरिरहेका छौ विस्तारै यसको प्रभावकारिको आधारमा थपमा पनि जान सकिन्छ अहिले हामी परिक्षण मात्र गरिरहेको अबस्था हो आशा गरौ भविष्यमा नयांयोजना साथ अगाडि बढौला। |
| कर्णे कामी<br>म पनि पुर्व वडा अध्यक्ष थिए मेरो पालोमा यस्तो कार्यक्रम कहिल्यै भएन र पछि पनि भएको मलाई जानकारी छैन तर यो कार्यक्रम अति आबश्यक रहेछ अब हरेक वर्ष गर्नको लागि सुझाव दिन्छु | सुझावको लागि धन्यवाद |

अन्तमा प्रमुख अतिथि गांउपालिका आध्यक्ष ज्यू ले सम्बोधन गर्दै भन्नुभयो हामीले अपेक्षा गरेका जिज्ञासा तथा सुझावहरु प्राप्त भएन तथापी हामी खुसि नै छौ, हामीले विकास निर्माणको लागि प्रशश्त पहल गरिरहेका छौ र त्यसका लागि बजेट छुट्टाएका छौ यसले समुदायका विकासमा टेवा पुग्नेछ र जुन आज भैरहेको कार्यक्रमले नागरिक र सेवा प्रदायकको विचमा राम्रो सम्बन्ध विस्तार गरि सेवाको गुणस्तरमा अभिबृद्धि गर्ने हो यस बाट हामीले गरेका कामको स्वमुल्यांकन गर्दै राम्रा कुराको निरन्तरता भएका कमी कमजोरीमा सुधार गर्दै जाने हो

यसैगरि वडा अध्यक्षले पनि थप्दै भन्नु भयो यो सेवा लिने र दिनेको विचमा बसि हामीले के राम्रो काम गर्यौ के सुधार गर्नुपर्छ जस्ता विषयमा हाक्का हाक्की छलफलगर्ने थलो हो भन्दै सहभागि एवं संचालकलाई धन्यवाद दिदै आजको वडा स्तरको सुनुवाइ कार्यक्रमको समापन गर्नुभएको थियो ।

### ८.२.२: वडा नं २ ले गरेका प्रतिवद्धताहरु :

- वडा कार्यालयमा नागरिक वडापत्रको व्यवस्था, भएको तर सुझाव पेटिका तथा सुचना पाटि समेत नभएकोले उक्त व्यवस्थापनको लागि पहल गर्ने
- यस वडाको लागि पशु व्यवस्थापनमा अलग मानव तथा पशुघर भरको लागि छनौटमा परि काम गर्न बेमन्जुर भएका किसानको लागि वास्तविकता पहिचान गरि उनिहरुको सहभागि नहुने मन्जुरीनामा लिई नयां किसानको छनौट गरि यथासक्य छिटो काम गर्न पहल गर्ने

### ८.३ बारेकोट गांउपालिका वडा नं. ३, कठ्ठर, जाजरकोट (मिति २०८१ जेष्ठ १७ गते)

वडा स्तरका सेवाग्राहिको तर्फबाट वडा सचिव श्री भवानी शाहि, प्राविधिक सहायक शेरसिंह खड्का, पशु शाखाका इन्चर्ज श्री सन्देश शाहि, स्वास्थ्य इन्चार्ज श्री प्रेमकला शाहि बाट यस आ.व. २०८०/८१ को भए गरेका कामको समिक्षा गर्नुभएको थियो त्यसैको आधारमा रहेर केहि जिज्ञास र सुझावहरु प्राप्त भएका थिय भने त्यसको जवाफ पनि प्राप्त भएको थियो

| जिज्ञासा | जवाफ |
|---|---|
| भगवति शाहि<br>भुकम्पले घर भत्किए तर हामीले टिन पनि पाएनौ | वडा अध्यक्षबाट<br>टिनको सहयोग एक इसाइ संस्थाले वितरण गरेको थियो उहांहरुको नियमनुसार जागिर भएका घरहरुलाई नदिने भन्ने निर्देशन भए अनुसार नै टिन नपाएको हो । |
| तुलछी कार्की<br>हामीलाई धेरै दुख छ वडामा शिफारिस वा कामले आउदा काम बन्दैन? | वडा अध्यक्ष<br>जसले यो प्रश्न गर्नुभयो उहां नै कामको लागि आएको मलाई जानकारी छैन, मैले कसैको पनि काम रोकेको वा नगरेको भन्ने छैन |
| बम बहादुर सिंह<br>अपांगको नाममा आउने राहतको लागि महिला र पुरूषमा किन विभेद गरिन्छ? | वडा अध्यक्ष<br>दातृ निकाएबाट प्राप्त हुने सहयोग मा उहांहरुले नै के कसलाई दिने भन्ने जानकारी सहित सहयोग उपलब्ध गराउछन र हामीले यसरी गरौ भन्दा त्यसरी गर्न सकिन्न बरु फिर्ता हुन्छ भने पछि आएको सहयोगलाई किन फिर्ता गर्ने महिलाले भए पनि हाम्रै मान्छेले पाउने भए नि भनेर काम गर्नु पर्ने केहि प्राविधिक कठिनाईहरु छन । |
| राम चन्द्र सिंह<br>अपांगता परिचयको लागि शिविर बसेको थियो वडाकाट क श्रेणिको बनाएकोमा उता बाट ख भएर आउछ यो कसरी हुन्छ ? | वडा अध्यक्ष<br>हामीले गरेको सिफारिसमा उनिहरुको प्राविधिक रुपले हेर्दा त्यस्तो हुन गएको होला तर वडाले त्यसमा कुनै फेरबदल गरेको होइन |
| पलसा शाहि<br>सुत्केरी भत्ता कर्मचारीले पाउछन कि पाउदैनन | प्रेमकला शाहि, स्वास्थ्य कर्मी<br>सरकारले दिने सुत्केरी भत्ता सबैले पाउछन त्यसमा समस्या छैन तर रेडक्रस संस्थाले प्रदान गरेको उक्त भत्तामा कर्मचारीलाई नदिने भन्ने मापदण्ड बनाएपछि हामीले सोहि अनुसार गरेको मात्र हो । |
| नर बहादुर सिंह<br>वडा कार्यालय वरिपरि बनेका भौतिक संरचना हावाले त उडाइ सक्यो बाकी रहेका पनि गाढले बगाउने संभावना निकै छ यसको लागि पहल गरिदिन पर्‍यो ? | वडा अध्यक्ष<br>तपाईहरु दुबै जनाको सुझाव सान्र्धविक छन यसका लागि ध्यान आकर्षण गर्ने, पैरवी गर्ने जस्ता काम हुनेछन ।<br>बर्थिंग सेन्टरको लागि नयां आ.व देखि कर्मचारीको व्यवस्था हुनेछ भन्ने जानकारी छ र कर्मचारी आएपछि उक्त सेवाहरु सुचारु हुनेछन । |

| | |
|---|---|
| राम बहादुर बुढा<br>हाम्रो क्षेत्रमा सुत्केरी गराउनको लागि निकै दुख छ वर्थिगं सेन्टरको लागि व्यवस्था हुनुपर्‍यो । | |
| नर बहादुर शाहि<br>वडा अध्यक्ष वाहिर जादा नागरिक तथा सेवाग्राहिले दुख पाउन लागे यसको लागि अर्को व्यक्तिलाई अख्तियारी दिने व्यबस्था हुनुपर्‍यो? | अध्यक्षबाट<br>हो हामी काम बिशेषले वाहिर जानु परेमा वा जिल्ला छोड्नु परेमा कार्यभार दिने नितिगत व्यवस्था छ तर पालिका भित्र रहेका बेला मैले वडा कार्यालयमा होस वा फिल्ड तिर होस काममा रोकावट भए जस्तो लाग्दैन । सकि नसकि काम गरेकै छु । अझै पनि राम्रो वनाउन लागि पर्नेछु । |

अध्यक्षबाट नागरिकका सवालहरुको सम्बोधन गर्दै भन्नुभयो, हामीले भुकम्पको बेला केहि हतारमा काम गर्नुपर्ने भयो र केहि कमीजोरी रहन गए होलान र अर्कोतिर दातृनिकाएका आफ्ना आफ्नै नितिगत व्यबस्थाले गर्दा एकरुपता पनि हुन सकेन तसर्थ यि अनुभवलाई स्वीकार गर्दै आउने दिनमा अझ राम्रो बनाउने तर्फ लाग्ने कुरामा विश्वस्त गराउन चाहान्छु ।

यसैगरि वडा अध्यक्षले पनि थप्दै भन्नु भयो आज यहां व्यक्तिगत गुनासाहरु धेरै आए सस्थांगत विकासका लागि जति आउनुपर्ने थियो त्यति आएनन । सहजकर्ताले भने अनुसार यो ३ नं. वडा कसरी सम्बृद्ध बनाउने हो यो तपाइ हामी सबैको चासोको विषय बन्न सक्नु पर्‍थ्यो जेहोस यहांहरुको सक्रिय उपस्थिति, सहभागिता र निरन्तर सुझाव को लागि सदासर्बदा साथ र सहयोग हुने अपेक्षा सहित यो कार्यक्रम यहि सकिएको घोषणा गर्नुभयो ।

### ८.२.३ वडा नं ३ ले गरेका प्रतिवद्धताहरु :

- नागरिक वाट प्राप्त सुझाव तथा सल्लाह अनुसार बर्थिंग सेन्टरको लागि पहल गरिनेछ
- यस वडाको वडापत्रको व्यवस्था भएको तर सबैले देखिने ठाउमा हुनुपर्ने साथै सुझाव पेटिका तथा सुचना पाटि समेत नभएकोले उक्त व्यवस्थापनको लागि पहल गर्ने
- नौफेरी काठेपुलको बाकिं रहेको भुक्तानीको लागि यथासक्य छिटो गर्न पहल गर्ने
- राहात वितरणको बेला गरिएका अनुभवलाई मध्येनजर गर्दै अब आउने दिनमा अझ बढि पारदर्शि, निष्पक्ष र गुणस्तरिए पनाउन पहल गरिनेछ ।

## ८.४ बारेकोट गांउपालिका वडा नं. ४, बोहरा जिरि, जाजरकोट (मिति २०८१ जेष्ठ १८ गते)

प्रमुख जवाफदेहि बक्ताको रुपमा वडा सचिव श्री विष्णु बहादुर रावत, वडा स्तरका सेवाग्राहिको तर्फबाट वडा सचिव श्री कर्ण बहादुर रोकाए, पशु विकास सहायक श्री यज्ञ बस्नेत आ.स्वा. सेवा केन्द्र इन्चार्ज श्री दान कुमारी सिंह, सामुदायिक स्वा.इकाइ प्रमुख श्री हरि शाहि बाट यस आ.व. २०८०/८१ को भए गरेका कामको प्रगति प्रतिबेदन पेश गर्नुभएको थियो त्यसैको आधारमा रहेर केहि जिज्ञास र सुझावहरु प्राप्त भएका थिय भने त्यसको जवाफ पनि प्राप्त भएको थियो

| जिज्ञासा | जवाफ |
|---|---|
| भिम बहादुर सिंह<br>हिजोका दिनमा विभिन्न माध्यम तथा सामाजिक संजाल बाट विरोध गर्नेहरु आज किन उपस्थित भएनन ? पहिलेको काम र अहिलेको कामको समिक्ष गरौन | वडा अध्यक्ष बाट<br>११ वर्ष देखि विजुली बलेको थिएन र मैले भनेको थिए यदि म आए भने ११ दिनमा विजुली ल्याउछु र सो काम गरियो त्यो दिन देखि विरोध गर्ने पत्रकार तथा व्यक्तिहरु हराए ।समग्र देशको अर्थत्रन्त्र घटेको छ तर पनि म अनबरत रुपमा लागिरहेको छु र कमि हुन दिने छैन । कामको तुलना जन्ताले गर्ने हो तपाइहरु अगाडि नै हुनुहुन्छ । |
| दल बहादुर बोहरा<br>जगत मा.वि. मा २ लाखको फिल्ड बनाउने योजना मान्छे बाट बनाउने गरि परेको थियो तर मान्छेबाट भन्दा मेसिनले छिटो र सहज हुने भएकोले मेसिनबाट नै गरियो त्यसमा विरोध किन? | वडा अध्यक्षबाट<br>योजना सम्झौता गर्दा जे जस्ता सहमतिहरु थिए सोही अनुसार गर्नु पर्ने हो, त्यस योजनाको उदेश्य यहांका स्थानिय बासिलाई रोजगार दिने भन्ने थियो तर उपभोक्ता समितिले विना अनुमति आफुखुसि काम गरेकोले समस्याहरु आएको हो अब त्यसलाई सहमति द्धारा समस्यालाई हल गरिनेछ । |
| टेक बहादुर रावत<br>अस्थायी टहराहरू पास गर्दा प्राविधिकहरूले जांचपास गरेर मात्र गर्नुपर्नेमा फोटाका भरमा काम भैरहेको छ र अर्कोतिर भगवति मा.वि. मा दरबन्दी कम भएकोले गुणस्तरिए पढाई हुन सकिरहेको छैन | वडा अध्यक्ष बाट<br>मानव श्रोतको कमीले गर्दा सबै ठाउमा प्राविधिक गइरहन सकेनन र यहांहरको सहजताको लागि फोटोद्धारा भए पनि कामगर्न खोजिएको हो र नियत बस कसैले बदमासी गरेको जानकारी प्राप्त भएमा प्राविधिक द्धारा अनुगमन गरेर मात्र प्रकियामा जान सकिन्छ । शिक्षक दरबन्दीको सर्न्धवमा भैरहेका शिक्षकले काम नगरेको भन्ने पनि छ अब त्यसमा अध्ययन गरि आबश्यकताको आधारमा पहल गरिनेछ । |
| गोपाल रावत<br>ढोरचौर वन उपभोक्ता समिति २ बर्ष देखी खालि छ यसको लागि वडाले के गरिरहेको छ । | वडा अध्यक्ष बाट<br>वनको क्षेत्राधिकार वन कार्यालय नै गर्ने भएकोले वडा आफैले गर्न मिल्दैन तर त्यसको लागि वनमा कुरा भैरहेको तर सुनुवाइ भएको छैन अझ पनि यसको लागि पहल गरिनेछ । |
| कर्ण नेपाली<br>हाम्रो मण्डलीको लागि मैले धेरै प्रयास गरे हून्छ भन्ने आश्वासन पनि पाइयो हामी गरिव भएकै कारण हो कि किन हो सुनुवाई भएन | वडा अध्यक्ष बाट<br>केहि बर्ष अगाडी चर्च, मठ, मन्दीरमा बजेट छुट्ट्याएर काम गरेका पनि छन तर हाल पालिकाले निर्णय गरेर नै यस्तो क्षेत्रमा बजेट नराख्ने भन्ने निर्णय गरेकाले यस्तो अबस्था आएको हो । |
| हरि शाहि<br>स्वास्थ्य केन्द्रमा पानी र सौचालयको अति आबश्यकता रहेको छ<br>दन्ता रावत<br>अर्जुन वालविकासमा भवनको समस्या | वडा अध्यक्ष बाट<br>म वडामा आए पछि म आफैले खटेर धेरै काम गरेको छु र गरिरहने छु मैले हाल सम्म कसै बाट एक कप चिया पनि खाएको छैन, बरु मैले नै खुवाएको छु तपाईहरुको लागि म रात दिन खटेको छु । यहांहरुका समस्या भनेका मेरा समस्या |

| | |
|---|---|
| रहेको छ । | हुन । योजनाका प्राथामिकिकरण गर्दा बस्ती स्तर बाट नै आएपछि मैले माथी पहल गर्ने हो जेहोस यहांको समस्याको लागि म लागीरहने वाचा पनि गर्दछु । कर्मचारी अदली बदलीले गर्दा पनि समस्या आएको हो । |

समापनको क्रममा वडा अध्यक्षबाट नागरिकका सवालहरुको सम्बोधन गर्दै भन्नुभयो नागरिक र स्थानिय सरकारको सम्बन्ध नङ्ग र मासुको जस्तो हुनु पर्ने हो सो हुन सकिरहेको छैन । आज उठेका सवालहरुमा वडाले दिने सेवालाई गुणस्तरिय बनाउन यहांहरुको राय सल्लाह, सुझाव भित्र रही सवालहरु आउनुपर्ने हो जेहोस तपाइहरुको यो विसाल उपस्थितिले मलाई थप काम गर्ने हौसला मिलेको छ, नागरिकका कामको लागि पालिका स्तरमा हुने बैठक बहिस्कार गर्छु तर समस्या का लागि फेस गरिरहने वाचा सहित सहजीकरण संस्था र नागरिक विशेष धन्यवाद दिदै यो कार्यक्रम यहि सकिएको घोषणा गर्नुभयो ।

### ८.५ बारेकोट गांउपालिका वडा नं. ५, सिलिंगीचौर, जाजरकोट (मिति २०८१ जेष्ठ १९ गते)

वडामा भएको सार्वजनिक सुनुवाइ कार्यक्रममा प्रमुख जवाफदेहि बक्ताको रुपमा वडा अध्यक्ष श्री गोरख बहादुर रावत, अन्य जवाफदेहि बक्ता हरुमा वडा सचिव श्री विमला शाहि, स्वास्थ्य इन्चार्ज श्री विष्णु बोहोरा, पशु विकास सहायक श्री मनोज सिंह बाट यस आ.व. २०८०/८१ को भए गरेका कामको प्रगति प्रतिबेदन पेश गर्नुभएको थियो त्यसैको आधारमा रहेर केहि जिज्ञास र सुझावहरु प्राप्त भएका थिय भने त्यसको जवाफ पनि प्राप्त भएको थियो जुन यस प्रकार रहेका छन ।

| जिज्ञासा | ज्वाफ |
|---|---|
| घमण्ड शाह<br>सामाजिक सुरक्षा भत्ता बैंकले खाता नखोल्दीएकै कारण प्राप्त गर्न नसकेको वडाका योजना कहां कसरी छनौट हुन्छन ? टहरा निर्माणको दोस्रो किस्ताको लागि वडाबाट अनुगमन नगरि फोटाको भरमा मात्र निकासा नहोस ? | वडा अध्यक्ष र सचिव बाटः<br>सामाजिक सुरक्षा भत्ता सम्बन्धी विषय पालीका स्तरको बैठकमा जवाफ आउला, योजना छनौटको लागि विधि र प्रकियामा रहि बस्तीस्तर वाट छनौट गर्दै ७ औं चरण पार गर्दै छनौट हुने सरकारको विधि मापदण्ड अनुसार नै हुन्छ र हामी संग प्राविधिक नभएकोले अनुगमन मा केहि समस्या छन र कति कुराहरु विश्वासमा गरिन्छन यदि केहि संका भएमा खबर प्राप्त भएमा हामी छानविन गर्छौ निकासा रोकिन्छ । |
| दिल बहादुर कामी<br>खोला क्षेत्रहरुमा तटबन्धनहरुको व्यबस्था गरियोस | वडा अध्यक्ष बाटः<br>तलकोट देखि तटबन्धन गर्नको लागि UNDP संग ८५ लाखको DPR तयार भएको छ यसको समस्या समाधान हुनेछ |
| पृथी सिंह<br>तोलखानामा ढल निकासको योजना बन्यो उक्त ढल गांउतिर पसेर बस्तीलाई समस्या बनाएको छ, यस टोलमा खानेपानीको समस्या रहेको छ, | वडा अध्यक्ष र सचिव बाटः<br>ढल निकासको लागि दुबै पक्ष बसेर समस्या हल हुन सक्छ यसको लागि छुट्टै बैठक आबश्यक छ । खानेपानीको लागि हामी जसरी भए पनि पुरा गर्छौ किनकी एक घर एक धारा हाम्रो नारा छ । हामी संग माग भएका योजनाहरु सबै शिफारिस गरेर पठाउछौ अब त्यसको निगरानी बढाउनु |

| | |
|---|---|
| भगवति मा.वि मा सौचालयको समस्या छ, वडाले योजना मागको लागि शिफारिस मात्र गर्ने हो कि फ्लो अप पनि गर्ने हो साथै मिनि ग्रिडको मिटरको १०० रूपया र महसुल अलग गर्दा नागरिक मर्कामा छन | पर्नेछ त्यो हामी गर्छौ र मिनि ग्रिडको महसुल अन्य भन्दा हामीले सस्तो नै दिएका छौ, सुरुमा कर्मचारीको खर्च व्यवस्थापन गर्दा केहि खर्चिलो भएता पनि पछि विस्तारै समयायोजन गरि शुल्क घटाउनेछौ । |
| रतन विक<br>जन्म दर्ता गर्दा रू ५ लगिन्छ तर दर्ता काड हराएमा पुन गर्दा रू ५०० किन लगिन्छ ? वस्ती स्तरवाट छनौट भएका योजनालाई प्राथामिकता दिनुहोस | वडा अध्यक्ष र सचिव बाटः<br>यो नेपाल भरिको स्थानिय सकरकारको नियम हो यसमा हामीले थपघट केहि गरेका छैनौ । यस वडा बाट छनौटको लागि आएका सबै योजना शिफारिस गर्ने गरेका छौ तर बजेटका सिमाले माथी बाटै काटिन्छन यसको लागि हामी निगरानी गर्नेछौ |
| चैन बहादुर सिंह<br>वडाबाट दिएका सेवाहरू सन्तोषजनक छन तर नागरिकलाई सुचना प्रवाह गर्दा सामाजिक संजाल तथा नयां प्रविधिको प्रयोग गर्न आबश्यक | सुझावको लागि धन्यबाद, हामी प्रयास गर्नेछौ । हामीले खबर गरेरै होला अन्य वडाभन्दा बढि सहभागिहरु आज भेला हुनुभएको छ, तपाईहरु दिनुभएको सुझाव तथा सल्लाहको लागि विशेष धन्यवाद छ । |

धेरै समय पछि यो नागरिक संग साक्षात्कार गर्ने अवसर दिनुहुने पालिका तथा सहजीकरण गर्ने संस्था दुबैलाई धेरै धेरै धन्यबाद छ । आजको उपस्थिति पनि उल्लाहसपुर्ण छ । हामीले गरेको कामको तपाइहरुले नजिकबाट मुल्यांकन गर्नुभएको छ र हरेक कामहरु विधि तथा प्रक्रियाकाट संचालन हुने गर्दछन त्यसको पालना गर्दा नागरिकका इच्छा आकांक्षाहरु पुरा भएनन होला त्यसको लागि आभार प्रकट गर्दै यहांहरुको साथ र सहयोगको सदासर्बदा अपेक्षा सहित आजकोकार्यक्रम यहि सकिएको घोषणा गर्नुभयो ।

### ८.२.५ वडा नं ५ ले गरेका प्रतिवद्धताहरु :

- नागरिक वाट प्राप्त सुझाव तथा सल्लाह अनुसार यस वडाबासी सबैको घरघरमा खानेपानीको धाराको व्यवस्था हुनेछ ।
- गुणस्तरिय शिक्षाको लागि सबै विधालयहरुको स्तर उन्नतीका कार्यहरु थालनी हुनेछन ।
- यस वडाको वडापत्रको व्यवस्था भएको तर सबैले देखिने ठाउमा राख्ने व्यवस्थापनको लागि पहल गर्नेछु
- राहात वितरणको बेला गरिएका अनुभवलाई मध्येनजर गर्दै अब आउने दिनमा अझ बढि पारदर्शि, निष्पक्ष र गुणस्तरिए बनाउन पहल गरिनेछ ।
- वडाबाट हुने अनुगमन प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

## ८.६ बारेकोट गांउपालिका वडा नं. ६, घर्तिगांउ, जाजरकोट (मिति २०८१ जेष्ठ २० गते)

वडा नं. ६ मा भएको सार्वजनिक सुनुवाइ कार्यक्रममा प्रमुख जवाफदेहि बक्ताको रुपमा वडा अध्यक्ष श्री डम्बर बहादुर महतारा, अन्य जवाफदेहि बक्ता हरुमा वडा सचिव श्री दिप बहादुर महतारा , स्वास्थ्य इन्चार्ज श्री विमला महतारा, पशु विकास सहायक श्री देवराज चलाउने बाट यस आ.व. २०८०/८१ को भए गरेका कामको प्रगति प्रतिबेदन पेश गर्नुभएको थियो त्यसैको आधारमा रहेर केहि जिज्ञास र सुझावहरु प्राप्त भएका थिय भने त्यसको जवाफ पनि प्राप्त भएको थियो जुन यस प्रकार रहेका छन ।

| जिज्ञासा | ज्वाफ |
|---|---|
| टेकेन्द्र नेपाली<br>गरिव जन्तालाई सानातिना काममा अल्झाउने तथा ढिला सुस्ती भएका छन | वडा सचिव बाट<br>हामी स्थानिय पनि भएकोले विहान देखि बेलुकी सम्म कार्यालय तथा नागरिकको काममा व्यस्त भएका हुन्छौ, नागरिकहरु मानौ जन्मदर्ता को लागि आउनुभयो भने दुबैजना को नागरिकता अनिवार्य गरेको छ, अनलाइनमा काम गर्ने भएकाले उक्त कागजात नभए काम रोकिहाल्छ र कहिले काही नेटवर्कले काम गर्दैन र अर्को दिन बोलाउनु पर्छ, यस्ता व्यवहारिक पक्ष सबैले बुझ्नु जरुरी छ । |
| कर्ण बहादुर कार्की<br>योजनाहरु बांडफांड गर्दा टोलहरु छुटेका छन, सबै टोल बस्तीलाई समेटेर लानुपर्‍यो | वडा अध्यक्षबाट<br>आबश्यकता धेरै छन, श्रोत कम छ, थोरै थोरै वजेटबाट धेरै योजना बनाउने र अर्को बर्ष फेरी त्यहिको लागि माग गर्ने भन्दा पनि दिगो भरपर्दो र प्रभाव आउने खालको योजना बनाउदा यो बर्ष छुटे पनि अर्को बर्ष त पक्कै हुन्छ |
| नर बहादुर कार्की<br>प्रधानमन्त्री रोजगार कार्यक्रम २ वटा टोलको लागि माग गरेका थियौ एउटै मा मात्र भयो किन श्र? | वडा अध्यक्षबाट<br>योजना गर्दा दुइ वटामा जान सकिन्छ की भन्ने थियो तर उक्त योजनालाई टुक्रउन नमिल्ने एउटै ठाउमा गर्न पर्ने देखियो |
| काली बहादुर कार्की<br>वडा पेश भएका मुद्दा हरु बर्षौ हुदा पनि फैसला हुदैनन किन? | वडा अध्यक्षबाट<br>यसमा वडाले मात्र गरेर नहुने हुदा न्यायिक समितिको संयोजक उपाध्यक्षले समय दिन नसक्दा यसले समय लिएको छ हामी पहल गर्नेछौ |
| खम्ब महतारा<br>भुकम्पले भत्काएका घरहरु को पुननिर्माण कहिले सम्म हुने हुन ? | वडा अध्यक्षबाट<br>हामी सबै पिडित पक्षले प्रथम किस्ता बापत रकम प्राप्त गरिसकेका छौ र घर पुननिमार्णको लागि सरकार बाट कार्यविधि तथा गाइडलाइन नबन्दा समस्या आएको छ । उक्त दस्ताबेज तयार हुने बित्तिकै घर निर्माणको काम सुरु हुनेछ । |
| हिरालाल चलाउने<br>स्वास्थ्य केन्द्रमा उपचार गर्न आउदा स्वास्थ्य कर्मी भेटिएनन? | विमला महतारा स्वास्थ्य प्रतिनिधि<br>स्वास्थ्य संस्था बन्द भएको छैन कहिलेकाहि खोप परेको बेला फिल्ड तिर गएको बेला भेट नभएको हुन सक्छ अन्यथा हामी सधै उपस्थित छौ |
| टेकेन्द्र नेपाली | वडा अध्यक्ष तथा सचिवबाट |

| | |
|---|---|
| अख्तियारमा मुद्दा परेको समितिलाई पुन नयां योजनाको लागि थप काम गर्ने अनुमति किन दिएको हो | यसमा केहि कमजोरी हुन गएको छ अब कामको मुल्यांकन गरौ र निरन्तर निगरानी पनि गरौ र आउने दिन यस्तो गल्ती दोहोरिने छैन । |

### ८.२.६ वडा नं ६ ले गरेका प्रतिवद्धताहरु :

- यस वडाले दातृनिकाएको सहयोगमा एक घर एक धाराको अभियान पुरा गर्ने वाचा गर्दछौ ।
- योजना छनौट तथा कार्यान्वयनमा सर्बपक्षिय नागरिकको सल्लाह अनुसार अगाडि बढ्ने वचनबद्धता गर्दछौ

### ८.७ बारेकोट गांउपालिका वडा नं. ७, पातिहान्ना, जाजरकोट (मिति २०८१ जेष्ठ २१ गते)

वडा नं. ७ मा भएको सार्वजनिक सुनुवाइ कार्यक्रममा प्रमुख जवाफदेहि बक्ताको रुपमा वडा अध्यक्ष श्री विशाल किरण बस्नेत, अन्य जवाफदेहि बक्ता हरुमा वडा सचिव श्री कर्ण बहादुर बस्नेत , स्वास्थ्य कर्मी श्री रोहित कुमारी सिंह, पशु विकास सहायक श्री प्रेम बहादुर शाहि, प्राविधिक सहायक श्री केशव जंग शाह बाट यस आ.व. २०८०/८१ को भए गरेका कामको प्रगति प्रतिबेदन पेश गर्नुभएको थियो त्यसैको आधारमा रहेर केहि जिज्ञास र सुझावहरु प्राप्त भएका थिय भने त्यसको जवाफ पनि प्राप्त भएको थियो जुन यस प्रकार रहेका छन ।

| जिज्ञासा | ज्वाफ |
|---|---|
| रेशम सिंह<br>पशु प्राविधिक खोजेको बेला भेट हुदैन | पशु प्राविधिक<br>काम गर्ने कार्य क्षेत्र ठुलो भएको र एक जनाले सबै काम गर्नुपर्ने र घरघरमा पनि जानुपर्ने भएकोले कार्यालयमा भेट नभएको हो र ढिलै भएपनि सेवा दिइरहेको छु । |
| गणे विक<br>योजना बनाउदा प्रयाप्त, सुचना तथा जानकारीको कमी छ | वडा अध्यक्ष बाट<br>यस वडाले एक हप्ता अगाडि नै टोल बस्तीमा सुचना टांस गर्ने जनप्रतिनिधिहरुद्धारा जानकारी दिने गरेको छ सोहि अनुसार आगामी दिनमा पनि गरिनेछ । |
| खिम प्रशाद वलि<br>यस वडामा बर्थिंग सेन्टर नभएर महिलाहरुले धेरै दुख पाएका छन, शान्ती सुरक्षाको लागि प्रहरी चौकीको व्यवस्था होस, प्रहरीको लागि कुनै साधन पनि छैन कसरी समयमा शान्ती सुरक्षा कायम गर्न सकिन्छ ? | वडा अध्यक्ष बाट<br>हो हामीले पहल गरिरहेका छौ पक्कै पनि आगामी बर्ष सम्ममा यंहा सुचारु हुनेछ । अस्थायि चौकी राख्नको लागि वडा बाट छलफल भई सिफारिस भइ गएको छ पक्कै पनि आउने बर्षमा यसको निकास आउला र यातायातको साधनको लागि बाइक खरिद गर्ने निर्णय भएको छ । |
| नवराज बस्नेत<br>वडाकाट बेलाबेलामा अनुगमन गरि सल्लाह सुझावहरु पांउ साथै सिता मा.वि.मा विधार्थीहरु खोप लगाउनबाट | रोहित कुमारी सिंह, स्वास्थ्य कर्मी<br>खोपको लागि विधालयमा पत्राचार गरेका थियौ तर जानकारी ढिला प्राप्त भयो तैपनि हामीले पालिकामा खबर गरेका थियौ उताबाट थप नआए पछि हामीले उपलब्ध गर्न नसकेको हो । |

| बन्चीत भए किन ? | |
|---|---|

अन्तमा वडा अध्यक्षले नागरिकबाट आएका गुनासाहरुको सम्बोधन गर्दै, हामीसंग उपलब्ध भएको राहात तथा सहयोगहरु जे जति आएको थियो सोहि अनुसार सबैलाई पुग्नेगरि दिएका छौ, भुकम्प प्रभावित क्षेत्रहरुको लागि सरकारले पनि २१ अरबको बजेट छुट्टएको छ भने दातृ निकाए बाट पनि थप सहयोग गर्ने वचनबद्धता भए अनुरुप यस वडाको समग्र विकास तथा सम्बृद्धिको लागि काम हुने जानकारी सहित हामी हरपल यंहाहरुको सेवामा तयार छौ भन्दै आजको कार्यक्रम यहि सकिएको जानकारी गर्नुभयो ।

### ८.२.७ वडा नं ७ ले गरेका प्रतिवद्धताहरु :

- योजना बनाउदा सुचना हुदैन भन्ने जिज्ञासाहरु प्राप्त भएका छन र यस वडाले एक हप्ता अगाडि नै टोल बस्तीमा सुचना टांस गर्ने जनप्रतिनिधिहरुद्धारा जानकारी दिने गरेको छ सोहि अनुसार आगामी दिनमा पनि गरिनेछ ।
- यस वडा  नं मा बर्थिंग सेन्टरको माग भएको छ र आगामी बर्षमा पुरा गर्ने वचनबद्धता गर्दछौ।
- वडाका केहि बस्ती तथा टोलबाट विजुली बत्ति र खानेपानकिो समस्या आएका छन यस बारे वडाले पहल कदमी गरि बत्ति र पानी को व्यबस्था मिलाउनेछ ।
- कार्तिक १७ गते पछि सबै घर परिवार टहरा तथा पालमा बास भएको अबस्था जाहेर नै छ अब आउने बर्ष भित्र सरकारले कार्यविधि बनाउने वित्तिकै सबैलाई आवासको व्यवस्था गर्ने हाम्रो पनि लक्ष्य रहेको छ ।

### ८.८ बारेकोट गांउपालिका वडा नं.८, सेपुखोला, जाजरकोट (मिति २०८१ जेष्ठ २२ गते)

वडा नं.८ सेपुखोला मा भएको सार्वजनिक सुनुवाइ कार्यक्रममा प्रमुख जवाफदेहि बक्ताको रुपमा वडा अध्यक्ष श्री योगेन्द्र बहादुर सिंह, अन्य जवाफदेहि बक्ता हरुमा वडा सचिव श्री गणेश बहादुर सिंह , स्वास्थ्य कर्मी श्री विर राज सिंह, पशु विकास सहायक श्री झलक बहादुर के.सी, प्रहरी इन्चार्ज श्री लाल बहादुर विष्ठ समेतका वक्ताहरुले आ.व. २०८०/८१ को भए गरेका कामको प्रगति प्रतिबेदन पेश गर्नुभएको थियो र वडा अध्यक्ष बाट यस वडामा संचालित योजनाहरुको बृस्तीत रुपमा जानकारी सहित व्यक्त गर्नुभएको त्यसैको आधारमा रहेर जिज्ञासा तथा सुझावका लागि प्रस्ताव गरिएको थियो तर नागरिक बाट खासै क्रिया तथा प्रतिक्रियाहरु कमै प्राप्त भए ।

| जिज्ञासा | ज्वाफ |
|---|---|
| खगेन्द्र सिजापति, सहजकर्ता<br>यस वडाका सेवाप्रदायक बाट सेवा दिइरहदा, सेवाको सन्तुष्ठि, सेवाको नियमितता, सेवाप्रति जनविश्वास, सेवाको गुणस्तर, सेवा सम्बन्धी जानकारीहरुको बारेमा प्रश्नहरु गरिएका थिए यसमा सेवा लिने र दिने दुबै पक्षलाई सोधिएको थियो | नागरिकहरुको तर्फवाट यस वडाले दिएको सेवामा हामी अति खुसि रहेको जानकारी दिनुभएको थियो । हामीलाई वडाले दिएको सेवा र काम प्रति पुरा विश्वास छ यसमा प्रश्न गर्ने ठांउ छैन भन्ने अभिब्यक्ति सबैबाट प्राप्त भएको थियो |

| | |
|---|---|
| दल बहादुर खत्री<br>राहातको बेला आएको चामल कहां कहां कसरी वितरण भयो जानकारी माग्नुभएको थियो | वडा अध्यक्ष बाट<br><br>राहतको लागि हेल्भीटास नेपाल र चर्चबाट यस वडाको लागि ३६५ बोरा चामल प्राप्त भएको थियो । सोहि समयमा अरु एजेन्सीहरुले पनि सबैलाई पुग्ने गरि चामल दिन सकिने भन्ने जानकारी आएकोले हामीले आएको चामल एक छेउबाट वितरण गर्न थालियो, चामल सकियो सबै घरमा पुगेको छैन यता थपको लागि पनि आएन र सबैलाई दिन सकिएन यसको लागि हामी दुखि छौ । |

सहभागिहरु बाट खासै जिज्ञासाहरु प्राप्त नभएकोले अध्यक्षले कार्यक्रममा सम्बोधन गर्दै वडाले दिएको सेवाले नागरिकहरु सन्तुष्ठ रहको कुरा व्यक्त गर्नुभयो यसको लागि सबैसबेलाई धन्यबाद छ । यस वडाको समग्र विकासको लागि म विहान देखि राति अबेर सम्म खटिरहेको छु, विकासका लागि गर्नुपर्ने समन्वयमा मैले नेता कार्यकर्ता देखि पालिका हुदै प्रदेश र संघमा समेत समन्वय गरिरहेको छु । यंहा संचालित योजनाहरु को अनुगमन, निगरानी तथा खबरदारी नागरिकले पनि गर्न अनुरोध गर्नुभयो हामीले मात्र गरेर हुदैन तपाइहरु पनि साथमा रहनुहोस अनि मात्र सहि परिणाम देख्न पाइन्छ भन्दै म सदा सर्बदा नागरिकहरु को सेवामा लागिरहने वचनबद्धता सहित आजको यो सार्बजनि सुनुवाइ कार्यक्रम यहि सकिएको जानकारी गर्नुभयो ।

### ८.९ बारेकोट गांउपालिका वडा नं.९, सक्ला, जाजरकोट (मिति २०८१ जेष्ठ २३ गते)

वडा नं. ९ को सक्लामा भएको सार्वजनिक सुनुवाइ कार्यक्रममा प्रमुख जवाफदेहि बक्ताको रुपमा वडा अध्यक्ष श्री दान बहादुर शाहि, अन्य जवाफदेहि बक्ता हरुमा वडा सचिव श्री माल बहादुर खत्री , स्वास्थ्य कर्मी श्री जय बहादुर नेपाली र निर्वाचित जनप्रतिनिधि समेतका वक्ताहरुले आ.व. २०८०/८१ को भए गरेका कामको प्रगति प्रतिबेदन पेश गर्नुभएको थियो र त्यसैको आधारमा रहेर जिज्ञासा तथा सुझावका लागि प्रस्ताव गरिएको थियो । यस वडा बाट पनि नागरिक बाट खासै क्रिया तथा प्रतिक्रियाहरु कमै प्राप्त भए र उनिहरुको भनाई हामीहरु सेवामा सन्तुष्ठ भएकाले त्यति धेरै जिज्ञासाहरु पनि नभएको जानकारी प्राप्त भएको थियो ।

| जिज्ञासा | ज्वाफ |
|---|---|
| **धन बहादुर महतारा**<br>काठे पुलको रकम के कति हो र भत्काउनेलाई किन कारवाहि हुदैन | **वडा अध्यक्ष**<br>अस्थायि आवत जावतको लागि वडाले पालिका संग पछि माग गर्ने भन्ने सहमतिमा वडाको पहलमा उक्त ३ ठांउमा काठे पुल निर्माण भएका हुन । पालिका बाट रकम नआएपछि भुक्तानी पनि भएको छैन, पुल निर्माण भइ सके पछि कसैले पुललाइ भत्काउने प्रयास पनि गरे अब आफ्नै जन्तालाई कसरी कारवाहि गर्ने भनेर बस्यौ अबदेखि त्यस्ता कार्य गर्नेलाई कारवाहिको दायरामा ल्याउनेछौ । |
| **गणेश राज जैसी** | **वडा अध्यक्ष** |

<table>
<tr><td>धनिखोलाले बस्ती उठाउन थालिसक्यो हामीले कति आवाज उठायौ हाम्रो आवाज किन सुनुवाइ हुदैन ?</td><td>यसको लागि हामीलाई जानकारी छ, उक्त कुरा पालिकामा पनि सिफारिस सहित भनिरहेका छौ पालिकाले हामीलाई सहयोग नगरे पछि हामीले मात्र केहि गर्न सकिरहेका छैनौ तर पनि प्रयास जारी छ ।</td></tr>
<tr><td>कृष्ण लाल जैसी<br>यस वडाका धेरै टोलहरुमा खानेपानीको समस्या छ</td><td>वडा अध्यक्ष<br>यसको लागि हामीले पालिका र दातृनिकाएमा समेतलाई सहयोगको लागि अपिल गरेका छौ, हेल्भीटासले काम गर्ने सहमति दिएको छ आशा गरौ हाम्रा मागहरु सम्बोधन होलान</td></tr>
<tr><td>सुदाम प्रशाद शर्मा<br>यस वडामा संचालित विधालयहरुमा वडामा जनप्रतिनिधिबाट बेलाबेलामा अनुगमन गरिदिनु पर्‍यो</td><td>वडा अध्यक्ष<br>प्रश्नको लागि धन्यवाद, मैले वडा सदस्यहरुलाई पनि यसको लागि भनेको छु र म पनि अनुगमन गर्ने राय सल्लाह सुझाव उपलब्ध गरौला</td></tr>
<tr><td>खगेन्द्र सिजापति, सहजकर्ता<br>यस वडाका सेवाप्रदायक बाट सेवा दिइरहदा, सेवाको सन्तुष्ठि, सेवाको नियमितता, सेवाप्रति जनविश्वास, सेवाको गुणस्तर, सेवा सम्बन्धी जानकारीहरुको बारेमा प्रश्नहरु गरिएका थिए यसमा सेवा लिने र दिने दुबै पक्षलाई सोधिएको थियो</td><td>नागरिकहरुको तर्फवाट यस वडाले दिएको सेवामा हामी अति खुसि रहेको जानकारी दिनुभएको थियो । हामीलाई वडाले दिएको सेवा र काम प्रति पुरा विश्वास छ यसमा प्रश्न गर्ने ठांउ छैन भन्ने अभिब्यक्ति सबैबाट प्राप्त भएको थियो</td></tr>
<tr><td colspan="2">रविलाल शर्माबाट सुझावहरु प्राप्त भएका थिए: राहात वितरणमा पनि समान भएन यसको कारण दाताहरुको आफ्नै निति नियमहरु भएकाले पनि एकरुपता ल्याउन सकेन र आउने दिनमा वडाले पहल गर्नुपर्छ, बनेका संरचना भत्काउनेलाई हाम्रा नातेदार तथा छोरा छोरी भए पनि सजायको व्यवस्था हुनुपर्छ यसले समाजमा अराजकता ल्याउछ, वडाले राम्रो कामको लागि हाम्रो सधै साथ र सहयोग छ</td></tr>
<tr><td colspan="2">अध्यक्ष वाट समापन क्रममा भन्नुभयो हामी सके सम्म पहल गरेकै छौ, नागरिकका लागि दिन रात नभनेर काम गरिएको छ, यंहाका नागरिक जिल्ला बाहिर भए पनि अनलाइन बाट समेत सिफारिस तथा सेवाहरु दिएका छौ, राहात बेला काम भने जस्तो सबैलाई न्याय दिन सकिएनहोला, हतारमा काम गर्दा केहि समस्या आउने रहेछन यसलाई सिकाइको रुपमा लिदै आगामी दिनमा पक्कै पनि सेवालाई गुणस्तरिए बनाउने छौ, आज यहां उपस्थित भएर सल्लाह, सुझाव तथा जिज्ञासा राख्नु हुने सबै सबैलाई हार्दिक धन्यवाद दिदै आजको यो सार्बजनिक सुनुवाइ कार्यक्रम समापन भएको जानकारी गराउनछौ ।</td></tr>
</table>

### ८.२.७ वडा नं ७ ले गरेका प्रतिवद्धताहरु :

- वडाका केहि बस्ती तथा टोलबाट खानेपानकिो लागि माग आएको छ यस बारे वडाले पहल कदमी सबैलाई पानी को व्यबस्था मिलाउनेछ ।
- टहराको लागि दोस्र किस्ताको माग भइ गएको छ र त्यसका लागि छिटै पहल हुनेछ ।

- विधालयको अनुगमनको लागि जिज्ञासालाई पुर्ण रुपमा लागु गरिनेछ ।
- धनीखोला बाट उत्पन्न समस्याको लागि जोडदार पहल गरिनेछ ।

## ९. सिकाईहरु :

यस कार्यक्रमबाट देहायका कुराहरुको सिकाई भएको छ ।


- सार्वजनिक सुनुवाईहरु बाट जनताको समस्यालाई नजिकैबाट बुझ्न सकिने रहेछ ।
- सार्वजनिक सुनुवाइ कार्यक्रम वडाबासीको नयां भएकोले नागरिकहरुको उपस्थिति उल्लेख्य रूपमा बृद्धि हुँदै गएको तर संस्थागत विकासका लागि सवालहरु भने कमै पाइयो ।
- यस प्रकारको सार्बजनिक सुनुवाईको व्यवस्था नियमित रुपमा हुँदा वडा तथा पालिकाको कार्य सम्पादनमा सहयोग पुग्ने देखिन्छ भने यसलाई नियमित गर्नुपर्छ भन्ने माग पनि नागरिकबाट प्राप्त भएका छन ।
- यस प्रकारको कार्यक्रमले सही अर्थमा पारदर्शीता कायम गर्न सफल भएको देखियो र नयां योजना निर्माणमा पनि सहयोग गर्ने देखिन्छ ।
- जनगुनासोहरुको सुनुवाई गर्ने उपयुक्त थलोका रुपमा यो माध्यम उपयुक्त भएको देखियो यसबाट कार्यक्रमको पारदर्शिता, मितव्यीता, गुणस्तरमा अभिबृद्धि हुन जाने देखिन्छ ।

## १०. चुनौतीहरु


- कार्यक्रम संचालनको क्रममा आमन्त्ररण गरिएका सहभागिहरु तोकिएको समयमा उपस्थित नहुनु र आउने वित्तिकै छिटो सक्नुपर्छ भन्ने दवाव श्रृजना गर्नुले छलफलको लागि समय नपुग्ने र प्रभावकारी नतिजामा पुग्नलाई समस्या देखिएको छ
- उपस्थित सहभागिहरु पनि सक्रिय रुपमा भाग नलिनु तथा व्यक्तिगत समस्या बढि राख्नु उपस्थिति जनाएर मात्र अरु काममा व्यस्त रहने ।
- सेवालाई प्रभावकारी बनाउनको लागि दिनुपर्ने सुझाव, सल्लाह तथा पृष्ठ पोषणहरु एकदम कम प्राप्त हुने गरेको जसले गर्दा कार्यक्रमको नयां तथा श्रृजनात्मक कामहरु ले गति नलिनु
- संस्थागत विकासमा कम चासो देखिनु ।
- पानी पर्ने हावाहुरीले गर्दा कार्यक्रम संचालन गर्न बसाइको व्यवस्थामा केहि समस्याहरु देखिए

११.सेवाग्राहिको तर्फबाट सेवा लिइ फर्केका र पहिलेनै सेवा लिइ बसेका हरु संग बर्हिगमन अभिमत तथा नागरिक सन्तुष्ठि सर्भेक्षण द्धारा सेवाको गुणस्तर प्रतिशतमा मापन गरिएको थियो जुन निम्न प्रकार छ ।


१.सेवाको सन्तुष्टि प्रतिशतमा




२. सेवाको नियमितता




## ३. सेवा प्रतिको जन विश्वास





## ४. सेवाको गुणस्तर



## ५. सेवा सम्बन्धी जानकारी




## ६. नागरिक वडापत्र, उजुरीपेटिका गुनासो सुनुवाई




## १०. समग्रमा

समग्रमा वडा तथा पालिकाले सम्पादन गरेका काममा सेवाग्राहिको सन्तुष्टिको स्तरलाई यसरी हेर्न सकिन्छ । (क) **सेवाको सन्तुष्टिमा,** सन्तुष्टमा १७.४८%, ठिकैमा ६५.३४% र असन्तुष्टमा १७.१८% (ख) **सेवाको नियमितितामा** सन्तुष्टमा ३७.६३%, ठिकैमा ५०.५२% र असन्तुष्टमा ११.८५ % (ग) **सेवा प्रति जन विश्वासमा** सन्तुष्टमा १८.९९%, ठिकैमा ६२.७२% र असन्तुष्टमा १८.२९% (घ)**सेवाको गुणस्तरमा** सन्तुष्टमा ४३.४१%, ठिकैमा ४५.०४ % र असन्तुष्टमा ११.५६% (ङ.) **सेवा सम्बन्धी जानकारीमा** सन्तुष्टमा २३.४४%, ठिकैमा ३९.८९% र असन्तुष्टमा ३६.६८% र (च) **नागरिक बडापत्र, गुनासो**

**सुनुवाइ तथा उजुरी पेटिकामा** सन्तुष्टमा २.९६%, ठिकैमा २२.५२ % र असन्तुष्टमा ७४.५२% देखिन्छ यसबाट हामीले सन्तुष्टिको तहलाई केलाएर हेर्दा सेवा सम्बन्धी जानकारी र नागरिक वडापत्र, गुनासो सुनुवाई मा थप काम गर्न पर्ने देखिन्छ र वाकिं ४ वटा औषतमा ठिकै देखिएता पनि यसमा वडा तथा पालिकाले थप काम गर्ने प्रशश्त ठांउ रहेको देखिन्छ । ठिकैलाइ लाई सन्तुष्टिमा पुराउने र असन्तुष्ट पक्षलाइ घटाउने प्रयास गरियो भने सार्वजनिक निकाएले प्रदान गर्ने सेवाको गुणस्तरमा अभिबृद्धि हुने कुरा निश्चित छ । हामीले पालिकाका सबै वडा बाट १०१ जना नागरिकहरुको वर्हिगमन अभिमत तथा सामुदायिक प्रतिबेदन पत्र का माध्यम बाट जिज्ञासाहरु राखेका थियौं जस बाट कामको मुल्यांकन माथी उल्लेखित प्रतिशतमा रहेको थियो,

वडा तथा पालिकाले दिएको सेवा औषतमा गुणस्तरिए नै देखिन्छ कार्यक्रममा सहभागिहरुले पनि पालिका तथा वडा ले गरेका कामको राम्रो मुल्यांकन गरेको अनुसार पनि सकरात्मक सन्देश दिएको छ तथापी वडा तथा पालिका बाट प्राप्त सहभागिहरुको जिज्ञासालाई आउने दिनमा समेट्न सकेमा सार्वजनिक निकाएको सेवाहरु अझ प्रभावकारी र गुणस्तरिए हुने कुरामा विशवास गर्न सकिन्छ । कुन वडामा के कस्ता सवालहरु उठाइए र त्यसको जवाफ कस्तो रहयो भन्ने बारे माथी नै वडा तथा पालिका स्तरको छुट्टा छुट्टै संक्षिप्त विवरण पेश गरिएको छ त्यसबाट पनि कुन वडा के जिज्ञासा तथा मुद्दाहरु छन भन्ने कुरा थाहा पाउन सकिन्छ ।

## अनुसुचीहरु

## अनुसुचि १ सार्वजनिक सुनुवाई कार्यक्रमको उपस्थिति

## अनुसुचि २: आचार संहिता

पालिकामा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन २०८१ साल जेष्ठ २६ गते कार्यक्रम विवरण

- आसन ग्रहण तथा कार्यक्रम शुरु भएको घोषणा गर्ने ।
- कार्यक्रमको उद्देश्य माथी प्रकाशन पार्ने ।
- आचार संहिताबारे जानकारी गराउने ।
- सार्वजनिक सेवा प्रवाह बारे विषयगत कार्यालयबाट संक्षिप्त जानकारी दिने ।
- सहभागीहरुबाट तोकिएको विषयमा लिखित तथा मौखिक प्रश्नहरु संकलन गर्ने ।
- वडाका जिम्मेवार पदाधिकारीहरुले प्रष्ट पार्ने ।
- स्पष्टता पछि थप जिज्ञासाको आह्वान गर्ने ।

- सम्बन्धित पदाधिकारीबाट थप जिज्ञासामा स्पष्टता ल्याउने ।
- समापन मन्तव्य, धन्यवाद ज्ञापन र कार्यक्रम विसर्जन गर्ने ।

**सार्वजनिक सुनुवाईमा पालना गर्नुपर्ने आचासंहिता**

- सहभागिले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्ने छ ।
- सहभागीले प्रश्न वा सुझाव के राख्ने हो पहिले प्रष्ट गर्नुपर्नेछ ।
- सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञासा राख्नुपर्ने छ ।
- सेवाग्राही, सहभागी नागरिकहरु धेरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकोले बुँदागत रुपमा छोटकरीमा प्रश्न प्रतिक्रिया राख्नुपर्ने छ । र सहजकर्ताले निर्धारण गरेको समय वितेपछि तत्काल प्रस्तुती रोक्नुपर्नेछ ।
- आफूभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोर्‍याउने जरुरी हुने छैन ।
- चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाइनेछ ।
- सहभागीले बिना आधार कसैप्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाइने छैन ।
- सुनुवाईका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाई राख्न वा बोल्न पाइने छैन ।
- सुनुवाईलाई विथोल्ने प्रयास कतैबाट भएको पाइएमा सबै सहभागी मिलेर शालिनतापूर्वक समाधान खोज्ने प्रयास गर्नु सबैको कर्तव्य हुनेछ ।

## अनुसुचि ३: सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न पत्रहरु

## अनुसुचि ४: सार्वजनिक सुनुवाई कार्यक्रमसंग सम्बन्धित केही फोटाहरु








सार्वजनिक सेवाको गुणस्तरीयता
अभिबृद्धिका लागि
सार्वजनिक सुनुवाई
मिति: २०८१-०२-१४
स्थान: बारेकोट गा.पा.-१, रामीडाँडा
समय: ११:३० बजे
आयोजक




सार्वजनिक सेवाको गुणस्तरीयता
अभिबृद्धिका लागि
सार्वजनिक सुनुवाई





